# करैयामाई गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
# करैया, बारा

## कृषि यन्त्र उपकरणमा अनुदानको लागि निवेदन आव्हान सम्बन्धि सुचना

**(प्रथम पटक प्रकाशित मिति २०८०।०१।०६)**

श्री कृषि ज्ञान केन्द्र बाराको आ.व. २०७९/८० को संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम तर्फ मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषि यान्त्रिकरण सहयोग कार्यक्रमका लागि करैयामाई गा.पा. वडा नं. २, ३, ४, ५, ६, ७ र ८ भित्रका मकै बाली प्रवर्द्धन कार्यक्रममा आवद्ध कृषक/कृषि समूह/ कृषि सहकारीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८०।०१।२० गते सम्म) यस कार्यालयको कृषि शाखामा आवश्यक कागजात सहित निवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ। निवेदनको ढाँचा यस कार्यालयको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | लक्षित सेवाग्राही |
|---|---|---|---|
| १ | कृषि यान्त्रिकरण सहयोग ( मकै खेतीको लागी आवश्यक कृषि यन्त्र उपकरण ) | ५० | कृषक/कृषि समूह/ कृषि सहकारी / कृषि उधमी |

**आवश्यक कागजातहरु**

१. कार्यालयले तोकेको ढाँचामा रु १० को टिकट टाँस गरि निवेदन दिनु पर्नेछ।
२. कृषक समूह/कृषि सहकारी/उधमीको हकमा दर्ता प्रमाण पत्रको प्रतिलीपी,आ.ब.२०७८/७९ को कर चुक्ता प्रमाण पत्र, समूह तथा सहकारीको PAN दर्ता प्रमाण पत्र, सम्बन्धित समूह/सहकारीको कार्यक्रम माँग सम्बन्धि निर्णय पेश गर्नुपर्नेछ।
३. कृषक समूह तथा सहकारीको हकमा प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीको अख्तियारी पत्र तथा नागरिकताको प्रमाणपत्रको प्रतिलीपी पेश गर्नुपर्नेछ।
४. कृषक समूह /सहकारी/उधमीको हकमा कम्तिमा १० विग्घाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी तथा कृषकको हकमा कम्तिमा ३ विग्घा जग्गा भएको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी
५. ट्र्याक्टर द्धारा संचालीत यन्त्र उपकरणको हकमा सम्बन्धित निवेदकले ट्र्याक्टरको आफनो नाममा भएको सवारी दर्ता प्रमाण पत्र पेश गर्नुपर्ने छ।
६. कृषकको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।